# सम्मान तथा भेटघाट कार्यक्रम भब्यताका साथ सम्पन्न




सगरमाथा आरोहण प्रोजेक्ट सफल बनाएर बेलायत फर्किनु भएका नेपाली चर्चित नायिका तथा पुन समुदायको पहिलो महिला सगरमाथा आरोही सुश्री दिया गर्बुजा पुन, बेलायत भ्रमणमा रहनु भएका नेपालको पहिलो कमेडी च्याम्पियन शो का रनर अप तथा चर्चित कलाकार खड्ग बहादुर पुन (खगपु ) पुन समाजको निमन्त्रणामा बेलायत आउनु भएका चर्चित गायक गायिका गगन पुन र गीता पाईजा पुन को सम्मानमा पुन समाज यु.के. द्वारा आयोजित सम्मान तथा भेटघाट कार्यक्रम २४ जुलाई २०२२को दिन लण्डन स्थित ब्लु अर्चिड रेस्टुरेन्टको सभा कक्षमा भब्यताका साथ सम्पन्न भएको छ ।

पुन समाज यु.के. का अध्यक्ष धन बहादुर पुन को सभापतित्वमा आयोजित कार्यक्रम समाजका संस्थापक अध्यक्ष मेजर सन्त पुन एमबिई बाट कुलदेवतालाई दियो बालेर कार्यक्रमको उद्घाटन गरिएको थियो भने पुन समाज यु.के. का उपाध्यक्ष केशमाया पुन ले स्वागत मन्तब्य र संस्थापक अध्यक्ष मेजर सन्त पुन एमबिई बाट बधाई मन्तब्य दिनु भएको थियो । उल्लेखित सम्मनित ब्यक्तिहरुलाई पुन समाज यु.के. को तर्फ देखी खादा, सम्मान पत्र, फुल गुच्छा सहित् दिया गर्बुजा पुनको सगरमाथा आरोहण प्रोजेक्ट अन्तर्गत यु.के. NHS र नेपालमा रहेको असहाय बालबालिका हेर्ने संस्थालाई सहयोग गर्ने उदेश्यमा समाजको तर्फ देखी ३३१४.०० पाउन्ड, पुन समाज यु.के. को १४ औ वार्षिक भेटघाट कार्यक्रमको लागि समाजको निमन्त्रणामा यु.के. आउनु भएका गायककार गगन पुन लाई सो कार्यक्रममा संकलित् सहयोग रकम २३००.०० पाउन्ड ,बेलायत भ्रमणमा आउनु भएका खड्ग बहादुर पुन (खगपु ) लाई वहाँको कलाकारिताको अझै उत्तरोत्तर प्रगतिको कामना गर्दै ७००.०० पाउन्ड र पुन समाज यु.के. को निमन्त्रणामा भर्खरै नेपाल देखी आउनु भएकी गायिका गीता पाईजा पुन लाई अब आउने समाजको कार्यक्रममा सहयोग गर्ने गरी केही (पकेट खर्च ) सहयोग गरिएको थियो ।



बिशेषअतिथी खाम भाषी समाज यु.के.का पुर्व अध्यक्ष हिक्मत सिङ रोका र वहाँका धर्मपत्नी,समाजका पुर्व अध्यक्षहरु अती प्रसाद् पुन र एक बहादुर फगामी, सल्लाहकारहरु, महिला समिती अध्यक्ष तथा पुर्व अध्यक्षहरु, शाखा समिती अध्यक्षहरु तथा क्षेत्रिय प्रतिनिधिहरु उपस्थित सम्मान कार्यक्रममा पुन महिला समिती अध्यक्ष रुपा पुन,पुर्व अध्यक्षहरु भिम कुमारी पुन र राधा पुनबाट पुन महिला समिति यु.के. को तर्फ देखी पनि सम्मान गरिएको थियो ।





सगरमाथा आरोहणको परिकल्पना, उदेश्य र आरोहण गर्दाको क्षणको बारेमा भिडियो सहित् आफ्नो मार्मिक भनाइ राख्दै सुश्री दिया गर्बुजा पुन ले पुन समाज यु.के.लाई सम्मान र सहयोगको लागि धन्यवाद ब्यक्त गर्नु भएको थियो । त्यस्तै खबपु,गगन पुन र गीता पाईजा पुन ले पनि आफ्नो छोट्टो मन्तब्यहरु राख्दै पुन समाज यु.के. लाई धन्यवाद दिनु भएका थिए । स्थापना कालदेखी अहिले सम्म पुन समाज यु.के. ले नेपाल र यु.के.मा गरेका बिभिन्न सहयोगहरु र कार्यक्रमहरुको बारेमा छोटकरिमा भिजुअल मार्फत जानकारी राख्दै छोट्टो समयमा आयोजना गरिएको सम्मान तथा भेटघाट कार्यक्रममा उपस्थित सम्मानित ब्यक्तिहरुमा बधाई र उपस्थित सबैमा धन्यवाद ब्यक्त गर्दै पुन समाज यु.के. का अध्यक्ष धन बहादुर पुन ले खानाको बन्दोवस्त सहित् कार्यक्रमको समापन गर्नु भएको थियो भने कार्यक्रम पुन समाज यु.के. का महासचिब रुद्रबहादुर पुन ले संचालन गर्नुभएको थियो ।